Sunam
Pl. provide copies to COO/HT&F/HAC for info/appropriate action.
23.12.07

# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड

## दशौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा:**

नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको संचालक समितिको निर्णयानुसार बोलाइएको दशौं वार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय:**

मिति : २०६४ मार्ग २८ गते शुक्रवार (१४ डिसेम्बर, २००७)
स्थान : उद्योग संगठन मोरंगको सभाकक्ष, शहीद मार्ग, तिनपैनी, विराटनगर
समय : अपरान्ह १२:१५ बजे देखि १:१५ बजे सम्म
(हाजिरी विहान १०:०० बजेदेखि १२:०० बजे सम्म)

३. **उपस्थिति:**

**संचालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| क) श्री जगदीश प्रसाद अग्रवाल | - | अध्यक्ष |
| ख) श्री तुलसीराम अग्रवाल | - | संचालक |
| ग) श्री अशोक कुमार अग्रवाल | - | संचालक |
| घ) श्री निर्मल कुमार अग्रवाल | - | संचालक |
| ङ) श्री राजेन्द्र अर्याल | - | संचालक |
| च) श्री विरेन्द्र कुमार संघई | - | संचालक |
| छ) श्री सुरेश प्रसाद आर्चाय | - | संचालक |

**पदाधिकारीहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| क) श्री सशिन जोशी | - | प्रमुख कार्यकारी अधिकृत |
| ख) श्री निरज श्रेष्ठ | - | नायब महा प्रबन्धक तथा प्रमुख विजनेश बैकिङ्ग |
| ग) श्री लक्ष्मण रिसाल | - | प्रमुख संचालन अधिकृत |
| घ) श्री टी. आर. उपाध्याय | - | लेखापरीक्षक |

४. **सभाको सूचना:**

दशौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संक्षिप्त आर्थिक वार्षिक प्रतिवेदन शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगानामा पठाउनुका साथै सभा बस्ने बारेको सूचना क्रमश: राष्ट्रिय दैनिक गोरखापत्रमा २०६४ मंसिर ६ गते र नेपाल समाचारपत्रमा २०६४ मंसिर ७ गते प्रकाशित गर्नूका साथै बैंकको वेब साईटमा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले समेत सूचित गरिएको थियो ।

५. **सभामा भएका छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्ताव**

१. आ.ब. २०६३/०६४ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६४ साल आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०६३/२०६४ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले सिफारिस गरे बमोजिम प्रस्तावित लाभांश स्वीकृत गर्ने ।
४. आर्थिक वर्ष २०६४/६५ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
५. बैंकको व्यावसायिक संचालक नियुक्त गरिएको जानकारी गर्ने ।
६. हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव**

१. बैंकको अधिकृत पूँजी बृद्धि गरी रु. १,६०,००,००,०००/( (एक अर्ब साठ्ठी करोड पुऱ्याउने ।
२. संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम ५ शेयरमा १ (बीस प्रतिशत) बोनस शेयर जारी गर्ने ।
३. बैंकको प्रबन्धपत्रमा बैंकको अधिकृत पूँजीमा हुने परिवर्तन तथा जारी र चूक्ता पूँजीमा हुने परिवर्तन बोनस शेयर र तत्पश्चात हकप्रद शेयर जारी हुने कारणले हुने परिवर्तनको हदसम्मको संशोधन गर्ने तथा बैंकको नियमावलीमा संचालक समितिका सदस्यहरुको बैठक भत्तामा बृद्धि हुने कारणले आवश्यक संसोधन गर्ने ।

**(ग) विविध**

६. **शेयरधनीहरुको उपस्थिति:**

| कुल शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधिपत्रद्वारा उपस्थित | जम्मा उपस्थित | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३१४५१ (क(ख समूह) | १८२ | ४९ | २३१ | ६७.२६ |

७. **गणपूरक संख्या एवम् वैधानिकता:**

सभाको प्रारम्भमा बोर्ड सचिवले यस साधारणसभा प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा गर्न बैंकको नियमावली र कम्पनी ऐन, २०६३ बमोजिम आवश्यक गणपूरकसंख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुँदै, आजको यस सभाको अध्यक्षता गरी दिन संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपूरक संख्या विद्यमान रहेको र प्रचलित कानूनको पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ का अधीनमा रही सभा विधिवत प्रारम्भ भयो ।

८. **सभाको अध्यक्षता:**

सभाको अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनीमहानुभावहरुको हार्दिक स्वागत गर्दै काम कारवाही अगाडि बढाउनु भयो ।

९. **वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति:**

अध्यक्षज्यूले आफ्नो मन्तव्य पढेर सुनाई सकेपछि संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६३/६४ को नाफा नोक्सान हिसाब र वासलात छलफलका लागि सभामा प्रस्तुत गर्नुभयो । यसै क्रममा निम्न लिखित महानुभावहरुले जिज्ञासा, प्रश्न, सुझाव तथा मन्तव्य सभामा प्रकट गर्नु भयो:

१. श्री भगवती प्रसाद अगरवाल
२. श्री योगेश अग्रवाल
३. श्री शंकर लाल अग्रवाल

**<u>सभामा प्रकट सामुहिक जिज्ञासाहरु:</u>**

**<u>श्री भगवति प्रसाद अगरवाल</u>**

१. Interest on Inter Bank Placements मा देखाइएको रकम कस्तो ब्याजको आम्दानी हो ।
२. Traveling Allowance and Expenses मा गत: वर्ष भन्दा बढी खर्च किन हुन गयो ?
३. Advertisements मा पनि गत: वर्षको दाँजोमा किन बढी खर्च भएको हो ?
४. Entertainment खर्च कस्तो खालको Entertainment मा गर्ने गरेको छ ?
५. Loan Loss Provision Written Back अलि बुझ्न सकिएन स्पष्ट गरि दिनु पर्‍यो ।
६. अनुसूचि १२ Investment मा देखाइएको Local Licensed Institutions र Foreign Banks अन्तर्गत क(कस्लाई लगानी गरिएको हो ? Advance Payment Guarantees अन्तर्गत देखाइएको रकम कस्ता Guarantee को भुक्तानी हो ?
७. Forward Exchange Contract मा देखाइएको रकम कस्तो दायित्व हो ?
८. Advance Payment Guarantees अन्तर्गत देखाइएको रकम कस्तो Guarantee को भुक्तानी हो ।
९. Note's to Accounts मा उल्लेख्य Transaction in Gold अन्तर्गत Contingent assets को column छैन, यसलाई कहाँ देखाइएको छ ?
१०. Interest Written Off अर्न्तगत कसलाई के को लागि ब्याज छुट दिइएको हो ?
११. बैठक भत्ता संशोधन गर्ने गरी प्रस्तुत प्रस्ताव अनुमोदन गर्दछु ।
१२. बैंकलेृ The Financial Times London को The Banker पत्रिकाबाट Bank of the Year 2007 Nepal उपाधी प्राप्त गरेकोमा संचालक समिति तथा व्यवस्थापन पदाधिकारी, कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

**<u>श्री योगेश अग्रवाल</u>**

१. यस बैंकले Bank of the Year अन्तर्राष्ट्रिय Awards प्राप्त गर्न सफल भएकोमा सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुका तर्फबाट संचालक समिति तथा व्यवस्थापनलाई बधाई एवम् धन्यवाद दिन चाहन्छु ।

**<u>श्री शंकरलाल अग्रवाल</u>**

Bank of the Year 2007 Awards बाट सुशोभित बैंक को 20% बोनस शेयरको घोषणाबाट बैंक दह्रो अवस्थामा रहेको प्रष्ट हुन्छ । संस्थापकहरुको विगत ९ वर्षको अथक प्रयासबाट बैंकले आज जुन आकार लिएको छ, त्यो निकै प्रशंसनिय र उत्साहजनक छ । बैंकले राम्रो गति लिएको छ । बैंकले कुशल व्यवस्थापकिय क्षमता दर्शाएको महसूस भएको छ । NIC बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु भन्नु भयो ।

यसै संदर्भमा शेयरधनी भगवती प्रसाद अगरवाल र शेयरधनी योगेश अग्रवालले बैंकले चुक्ता पूँजी बृद्धि गर्ने संर्दभमा आफ्ना शेयरधनीहरुलाई बोनस शेयर पछि कायम हुने पूँजीमा प्रति पाँच शेयर बराबर एक हकप्रदत्त शेयर प्रदान गरोस र सोही अनुपातमा बैंकको चुक्ता पूँजी बृद्धि हुने गरी प्रबन्धपत्रमा समेत संशोधन गर्ने सम्बन्धि विशेष प्रस्ताव यस सभामा छलफल एवम् निर्णय का लागि प्रस्तुत गर्दछौ भनि प्रस्ताव राख्नु भएपछि सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुले सहर्ष सर्व सम्मत्तिबाट प्रस्तुत विषयमा निर्णय लिने पक्षमा अनुमति प्रदान गरेकोले सभाको अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूले बैंकको प्रबन्धपत्र एवम् कम्पनि ऐन २०६३ मा भएको व्यवस्थालाई मध्येनजर राख्दै प्रस्ताव अनुसारको हकप्रदत्त शेयर जारी गर्ने र तद्नुसार पुंजी बृद्धि गर्ने सम्बन्धि प्रस्तावलाई छलफलको विषयमा समावेश गर्ने जानकारी सभालाई गराउनु

भए पछि सभाले करतल ध्वनीका साथ सो को अनुमोदन गऱ्यो र तत्पश्चात सभाको काम कारवाही अगाडी बढ्यो ।

**<u>सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तरको प्रस्तुतिकरण:</u>**

अध्यक्षज्यूको आज्ञाले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सशीन जोशीज्यूले दिनु भएको समूहगत जवाफ:

बैंकले Bank of the Year Awards 2007 Nepal प्राप्त गरेकोमा शेयरधनी महानुभावहरुले दिनु भएको बधाई शुभकामना र बैंकको प्रगति प्रति व्यक्त उद्गारका लागी धन्यवाद व्यक्त गर्दछौं । शेयरधनी महानुभावहरुको शुभेच्छाले व्यवस्थापन अझ उत्साहित र उर्जायुक्त भएको छ ।

शेयरधनी श्री भगवती प्रसाद अग्रवालको जिज्ञासाको प्रत्युत्तर:

१. बैंकको कर्जा लगनी पश्चात बाँकी रहेको मौज्दात अल्पकालीन कर्जाको रुपमा अन्य बैंक तथा वित्तिय संस्थामा लगानी गरेको हुन्छ, उक्त लगानीबाट आर्जित ब्याज रकम यस शिर्षकमा देखाइएको हो ।

२. बैंकको कारोबार तथा संजाल गत: वर्ष भन्दा धेरै बढेको ले नै Travelling Allowances and Expenses मा अनुपातिक बृद्धि भएको हो ।

३. बैंकको कारोबार पहिलेको दाँजोमा धेरै बढेको र प्रतिस्पर्धात्मक वातावरण मा बैंकले दिने सेवाको जानकारी आकर्षक ढंगबाट गर्नु पर्ने हुँदा Advertisement खर्च सोही अनुपातमा बढ्न गएको हो ।

४. ग्राहकहरु संग सम्बन्ध बढाउन, व्यापार प्रवर्द्धन आदि कारणहरुले गर्दा Entertainment खर्च गर्नु परेको हो ।

५. नेपाल राष्ट्र बैंकका तर्फबाट निर्देशीत एवम् निर्दीष्ट गरिएको ढांचामा नैं बैंकले आफ्नो आय व्ययको हिसाब किताब प्रस्तुत गर्नु पर्ने भएकोले सोही Format अनुसार नै Loan Loss Provision को विवरण प्रस्तुत गरिएको हो ।

६. समय, परिस्थिति, जोखीम आदि मौका हेरी बैंकले आफ्नो हित अनुकूल कुनै पनि बैंकमा रकम लगानी गर्छ । यसरी लगानी गराइएका बैंकहरुमा देश भित्रका प्राय सबै वाणिज्य बैंकहरु र केहि चुनिएका वित्तिय संस्था छन् भने विदेशीको हकमा अर्न्तराष्ट्रियस्तर र प्रतिष्ठित साधारणतया ५-६ वटा (जस्तै सिटि बैंक, स्टाण्डर्ड चार्टर्ड बैंक, जे पि मोरगन बैंक आदि) रहेका छन् ।

७. विदेशी मुद्राको विनिमय दरको जोखिम आफै नउठाई ग्राहकहरुले बैंक संग निश्चित दर निर्धारण गरी गरिने सम्झौता नै Forward Exchange Contract हो ।

८. विभिन्न कार्यको ठेक्का पट्टा सिलसिलामा ठेक्का लिने लाई ठेक्का दिनेले कुनै अग्रिम भुक्तानी गरेको छ भने र त्यसको Guarantee बैंकले गरेको भएमा Advance Payment Guarantee भनिन्छ ।

९. बैंकले सुनको कारोबार गर्दा पैठारी गरेको सुन मध्ये भुक्तानी नगरी सकेको तथा निर्यातकर्ताको स्वामित्वमा नै रहने सून आफ्नो वासलातमा उल्लेख गर्न नमिल्ने हुन्छ ।

१०. धेरै पुरानो उठ्नै नसक्ने खराब ऋणहरुको ब्याज Write Off गरिएका हुन ।

११. संचालक बैठक भत्ता बढाउनेलाई समर्थन गरिदिनु भएकोमा धन्यवाद छ ।

१०. **सभाको निर्णय:**

**(क) सामान्य प्रस्ताव:**

१) छलफलको लागि सभामा प्रस्तुत विषय सूचीको (१) बमोजिम संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले ध्वनी मतका साथ सर्वसम्मतिले पारित गऱ्यो ।

२) विषय सूचीको (२) बमोजिम लेखापरीक्षकको प्रतिवेदनसहितको २०६३ साल आषाढ मसान्तको वासलात र २०६३/४/१ देखि २०६४/३/३२ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई पारित गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछि छलफलपश्चात् सभाले ध्वनी मतका साथ सर्वसम्मतिबाट पारित गऱ्यो ।

३) विषय सूचिको (३) बमोजिम संचालक समितिले सिफारिस गरेको ३२ आषाढ २०६४ मा समाप्त भएको आर्थिक वर्षमा संचित नाफाबाट चुक्ता पूँजीको १.०५२६३% (जम्मा रु. ६९,४७,३६८/-) लाभांस प्रस्तावलाई स्वीकृति प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव करतल ध्वनीकासाथ सहर्ष सर्वसम्मतिले पारित गरियो ।

४) विषय सूचीको (४) बमोजिम आर्थिक वर्ष २०६४/६५ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएपछि लेखापरीक्षक श्री गोपाल प्रसाद राजवाहक (जि.पि. राजवाहक एण्ड कम्पनि) चार्टर्ड एकाउन्टेण्टलाई रु.१,४०,००० (रु. एक लाख चालिस हजार) पारिश्रमिक दिने गरी लेखापरीक्षकमा नियुक्ति गर्ने सर्वसम्मति बाट निर्णय भयो ।

५) विषय सूचीको (५) बमोजिम बैंकको व्यवसायिक संचालक नियुक्ति गरिएको जानकारी गराउने सिलसिलामा संचालक श्री सुरेश प्रसाद आचार्यज्यूले आफ्नो परिचय सभामा गराउनु हुँदै राष्ट्रिय वाणिज्य बैंकमा २९ वर्ष कार्य गरी अवकाश प्राप्त गरेको र नेपाल राष्ट्र बैंकले तोकेको विशेषज्ञहरुको सूचिबाट एन.आई.सी बैंकले मलाई संचालकमा नियुक्त गरेकोमा संचालक समितिलाई धन्यवाद दिन्छु भन्नु भयो । आफ्नो परिचयको क्रममा उहाँले आफ्नो बैंकिङ्ग अनुभवलाई यस बैंकको प्रगति र उन्नतिका लागि प्रयोग गर्ने कुरा बताउनु हुँदै शेयरधनी महानुभावको सद्भाव, सहयोग र समर्थनका लागि अनुरोध गर्नु भयो । सभाले करतल ध्वनीका साथ उहाँको स्वागत अभिवादन गऱ्यो ।

६. कम्पनीको जम्मा शेयरको ६७% (सडसट्ठी प्रतिशत) भन्दा बढी शेयरधनीको प्रतिनिधित्व गर्दै कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफ ३ (क) र बैंकको नियमावलिको नियम ६ को उपनियम ९(क) मा व्यवस्था भए बमोजिम गणपूरक संख्या पुगेको यस सभाले छलफलको विषय सूचिमा समावेश गरेको हकप्रद शेयर जारी गर्ने विषय सम्बन्धि प्रस्ताव शेयरधनीहरुबाट सभामा प्रस्तुत भए पछि सोमा छलफल भई, यसै सभामा विशेष प्रस्तावको रुपमा प्रस्तावित बोनस शेयर सम्बन्धि प्रस्ताव स्वीकृत भई बोनस शेयर वितरण भई सकेपछि कायम हुन आउने चुक्ता पूँजीमा नियमन निकायहरुबाट स्वीकृति प्राप्त भए पछि बैंकका शेयरधनीहरुलाई ५:१ (अर्थात विद्यमान ५ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) का दरले हकप्रद शेयर जारी गर्ने सर्वसम्मतिबाट निर्णय भयो । साथै हकप्रद शेयर जारी गर्ने प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्न आवश्यक मिति तोक्न तथा हकप्रद शेयरजारी सम्बन्धि आवश्यक इजाजत प्राप्त गर्न सम्पुर्ण काम कारवाही सम्पन्न गर्न संचालक समितिलाई अख्तियारी दिने समेत सर्वसम्मतिबाट निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव**

१) विषय सूचीको (१) बमोजिम बैंकको हाल कायम रहेको अधिकृत पूँजी रु. १,००,००,००,०००/( (रु. एक अरब मात्र) लाई बृद्धि गरी रु. १,६०,००,००,०००/( (रु. एक अरब साठी करोड मात्र) गर्ने विशेष प्रस्ताव अध्यक्षज्यूले सभा समक्ष राख्नु भएपछि सभाले सोमा आफ्नो समर्थन जनाउँदै सर्वसम्मतिले अधिकृत पूँजी बृद्धि गर्ने निर्णय भयो ।

२) विषय सूचीको (२) बमोजिम संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम ५ शेयरमा १ (बीस प्रतिशत) बोनस शेयर सम्बन्धी विशेष प्रस्तावलाई स्वीकृति प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव करतल ध्वनीका साथ सहर्ष सर्वसम्मतिले पारित गरियो । बोनस शेयर वितरण गर्दा दशमलब पछि आउने कित्ताका लागि पूरा एक शेयर जारी गर्न नमिल्ने हुनाले बैंकले ५:१ को अनुपातमा पुरा शेयरको मात्र प्रमाणपत्र दिने र दशमलब पछि आउने कित्तालाई सम्बन्धित शेयरधनीको नाममा नै अभिलेख राखिने, तर लाभांश रकम वितरण गर्दा सबैलाई समानुपातिक रुपले प्राप्त हुन सक्ने गरी दशमलब पछिका कित्ताको समेत लाभांश दिइने छ । विद्यमान शेयरधनीले आफ्नो सम्पुर्ण शेयर अन्यलाई बिक्री गरेको खण्डमा नामसारी गर्दा दशमलब पछिका कित्ता (Fraction Shares) समेत खरीदकर्ताको नाममा दाखेल हुन गई विद्यमान शेयरधनीको पूरै अभिलेख खारेज हुने तर विद्यमान शेयरधनीले सम्पूर्ण शेयर बिक्री नगरी खण्डित शेयर मात्र बिक्री गरेमा दशमलब पछिका कित्ताको लगत खण्डित गरि बाँकी रहेको अन्तिम शेयर सम्म सर्ने र अन्तिम शेयर बिक्री गर्दाको अवस्थामा मात्र दशमलब पछिका कित्ता (Fraction Shares) समेत खरीदकर्ताको नाममा दाखेल हुन गई विद्यमान शेयरधनीको पूरै अभिलेख खारेज हुने सर्वसम्मतिबाट निर्णय गरियो ।

विषय सूची (२) बमोजिम बैकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संलग्न अनुसूची बमोजिमको विशेष प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएपछि छलफल पश्चात सभामा उपस्थित सम्पूर्ण शेयरधनीबाट प्रस्तावित संशोधनमा प्रबन्धपत्रको दफा ५

बैंकको पूंजीको संरचना शिर्षक अन्तर्गत र नियमावलिको नियम ३१.(१)अ. बैठक भत्ता शीर्षक अन्तर्गत देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

## प्रबन्धपत्र तर्फ

| हालको दफा/उपदफा /शीर्षक | हालको व्यवस्था | संशोधित दफा/उपदफा /शीर्षक | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| ५.बैंकको पूंजीको संरचना: | (१) बैंकको अधिकृत पूंजी रु. १,००,००,००,०००।( (रु. एक अरव मात्र) हुनेछ । उक्त पूंजीलाई रु. १००।( का दरका एक करोड थान साधरण शेयरमा विभाजन गरिएको छ ।<br><br>(२) बैंकको तत्काल जारी पूंजी रु. ६६,००,००,०००।( (छैसट्टी करोड मात्र) उक्त: पूंजीलाई रु. १००।( का दरका छैसट्टी लाख थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(३) बैंकको तत्काल चुक्ता पूंजी रु. ६६,००,००,०००।( (रु. छैसट्टी करौड मात्र) हुनेछ । | ५. बैंकको पूंजीको संरचना: | (१) बैंकको अधिकृत पूंजी रु. १,६०,००,००,००००।( (रु. एक अरब साठी करोडमात्र) हुनेछ । उक्त पूंजीलाई रु. १००।( का दरका एक करोड साठी लाख थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(२) बैंकको तत्काल जारी पूंजी रु. ९५,०४,००,०००।( (पन्चानब्बे करोड चार लाख मात्र) हुनेछ । उक्त पूंजीलाई रु. १००।( दरका पन्चानब्बे लाख चार हजार थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(३) बैंकको तत्काल चुक्ता पूंजी रु. ९५,०४,००,०००।( (पन्चान्ब्बे करोड चार लाख मात्र) हुनेछ । | बैंकको अधिकृत पूंजी बढाउने भएको र बोनस शेयर तथा हकप्रद शेयर जारी गर्ने भएको कारण सो शेयर जारी गरे पश्चात जारी तथा चुक्ता पूंजी बृद्धि हुने भएकाले । |

## नियमावलि तर्फ

| हालको दफा/उपदफा /शीर्षक | हालको व्यवस्था | संशोधित दफा/उपदफा /शीर्षक | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| **३१.(१)अ. बैठक भत्ता** | अध्यक्ष: रु.६०००/(<br>सदस्य: रु. ५०००/(<br>यातायात खर्च: वास्तविक | **३१.(१)अ. बैठक भत्ता** | अध्यक्ष: रु. ८०००।(<br>सदस्य: रु. ७०००।(<br>यातायात खर्च: वास्तविक | बैंकको कारोवारमा भएको बृद्धिसँगै सञ्चालक समितिको कार्यमा बृद्धि भएको तथा समयावधिलाई दृष्टिगत गर्दै समसामयिक बनाउन बैठक भत्ता बढाउन उपर्युक्त भएकोले । |

पारित भई संशोधन भएको उपर्युक्त प्रबन्धपत्र तथा नियमावली कम्पनी रजिष्ट्रारको कार्यालय लगायत अन्य निकायबाट स्विकृति गराउन आवश्यकता अनूसार प्रबन्धपत्र तथा नियमावलीको मूल मर्म र भावनामा असर नपर्ने गरी सामान्य संशोधन समेत गर्ने लगायतका आवश्यक काम कारवाही सम्पन्न गर्न प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी दिने समेत सर्वसम्मतिबाट निर्णय गरियो ।

(ग) विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।

तत्पश्चात्, अध्यक्षज्यूले यस सभाको सूचनासाथ पठाइएको छलफलको सूचीमा परेको विषयहरु लगायत हकप्रदत्त शेयर सम्बन्धीप्रस्ताव सामान्य र विशेष प्रस्तावको रुपमा सभामा पेश भएको र सोमा छलफल भई प्रस्तुत सबै प्रस्तावहरुसभाबाट पारित भएको घोषणा गर्नुभयो ।

अन्त्यमा अध्यक्षज्यूले बैंकको शक्ती भनेकै हाम्रा शेयरधनि नै हुनुहुन्छ, जसले वार्षिक साधारण सभाको माध्यमबाट समय समयमा हामीलाई मूल्यवान सल्लाह सुझाव दिई राख्नु हुन्छ, जसबाट हामीलाई नीति निर्धारण एवं बैंकको कृयाकलापलाई नयाँ दिशा एवं गति दिनमा महत्वपूर्ण सहयोग प्राप्त हुन जान्छ भन्दै, बैंकको सुनिश्चित र उज्वल भविक्ष्य प्रति आफु विश्वस्त रहेको बताउनु भयो । साथै आउने दिनहरुमा शेयरधनीहरुलाई यथोचित प्रतिफल दिन दिन बैंक सक्षम छ भन्ने उद्गार व्यक्त गर्नु हुँदै, शेयरधनि महानुभावलाई उहाँहरुले गर्नुभएको सहृदय समर्थनको लागि पुन: धन्यवाद ज्ञापन गर्दै आजको यो दशौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| निरज श्रेष्ठ<br>कम्पनी सचिव | सशिन जोशी<br>प्रमुख कार्यकारी अधिकृत | जगदीश प्रसाद अग्रवाल<br>अध्यक्ष |